**बैठक नं. ७** (बैठक संख्या ६५)

आज मिति २०८१/०९/०४ गते बिहान ११ बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिती :-</u>

| क.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | अनुपस्थित |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | सरस्वती |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | अनुपस्थित |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | लेखा अधिकृत | श्री पोष्टराज न्यौपाने | |
| १६. | अधिकृत छैटौं | श्री विमला गैह्रे | |
| १७. | का.स. | श्री मिना नेपाली | मिना |
| | | | |
| | | | |

मितिः २०८१/०९/०४ | बैठक नं ७ | बैठक संख्याः ६५

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा**: विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**प्रस्तावना स्वीकृत तथा रकम भुक्तानी सम्बन्धमाः**

- नेपालको मौलिक लोक बाजाको रुपमा बजाउँदै आएको पञ्चेबाजा संरक्षणको लागि रम्भा गाउँपालिका वडा नं २ कोटथरमा रहेको कोटथर महिला कृषक समूहले पेश गरेको प्रस्तावना स्वीकृत गरी पन्चेबाजा खरिदको लागि लाग्ने जम्मा खर्चको ३५ प्रतिशत रकम छुटपुट चालु खर्च शिर्षकबाट सम्बन्धित पाटिलाई भुक्तानी गर्ने निर्णय गरियो ।
- लियो क्लव अफ पाल्पा- २ को आयोजनामा संचालित पालिका स्तरिय डाउन टाउन क्रिकेट प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागी टिमलाई जर्सी, यातायात, खाना, खाजा तथा आवासमा भएको खर्च रु ७८००० (अक्षरेपि अठत्तर हजार रुपैया) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं ३**

**आर्थिक सहायता सम्बन्धमाः**

यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | विषय | सहायता रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | कृष्ण कुमारी विश्वकर्मा रम्भा ४ | २०८१/०८/०९ | छोराको काजकृया खर्चको लागि | ८०००(अक्षरेपि आठ हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | धन बहादुर सिंजाली रम्भा ३ | २०८१/०८/२४ | पहिरोले घर सटर र च्यानल गेटमा क्षति भएको | ८०००(अक्षरेपि आठ हजार) | विपद व्यवस्थापन कोष |

**निर्णय नं ४**

**सिफारीस सम्बन्धमाः** यस रम्भा गाउँपालिका वडा नं ३ मा रहेको अगाहाखोला शाहारा कृषि सहकारी संस्था लिमिटेड र कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सम्झौता बमोजिम रम्भा गाउँपालिका वडा नं ३ मा २५ मेट्रिक टन क्षमताको शित भण्डार निर्माण कार्य भएकोमा इस्टिमेटमा उल्लेख भएबमोजिमको सम्पूर्ण कार्य सम्पन्न भइसक्दा समेत उल्लेखित संस्थाको खातामा रोक्का रहेको रकम मन्त्रालयद्धारा फुकुवा नभएको हुदाँ सम्बन्धित मन्त्रालयलाई रकम फुकुवाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

CS CamScanner

मितिः २०८१/०९/०४ बैठक नं ७ बैठक संख्याः ६५

**निर्णय नं ५**

**छैठौ रम्भा गाउँपालिका स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धमाः** प्रधानाध्यापकको बैठकबाट निर्णय भई शिक्षा युवा तथा खेलकुद शाखाबाट पेश भएको छैठौ रम्भा गाउँपालिका स्तरिय रनिङ्ग शिल्ड प्रतियोगिता संचालन सम्बन्धी प्रस्तावना स्वीकृत गरी मिति २०८१ पौष १८ गतेदेखि १९ गतेसम्म संचालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता भव्य रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

**रकम भुक्तानी सम्बन्धमाः**

- रम्भा गाउँपालिका वडा नं ५ ताहुँ स्थित रम्भा गाउँपालिकाको ऐतिहासिक महत्व बोकेको धार्मिक तथा पर्यटकिय स्थान रम्भादेवि मन्दिर व्यवस्थापनको लागि रम्भादेवी मन्दिर व्यवस्थापन समितिले सामाग्री खरिद गर्दा लागेको रु ६३,७६३।(अक्षेरपि त्रिसठ्ठी हजार सात सय त्रिसठ्ठी रुपैया) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- गुणस्तर तथा नापतौल कार्यालय बुटवलको आयोजना,रम्भा गाउँपालिकाको सहयोग र पाल्पा उद्योग वाणिज्य संघ पाल्पाको समन्वयमा रम्भा गाउँपालिकाको वडा नं १ हुँगी बजार र वडा नं ५ ताहुँ बजारमा संचालित नापतौल सम्बन्धी यन्त्रहरुको जाँच,नविकरण तथा नयाँ दर्ता कार्यक्रममा भएको खर्च रु १६५३० (अक्षेरपि सोह्र हजार पाँच सय तिस) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- रम्भा गाउँपालिका वडा नं ५ रम्भादेवि मन्दिरमा इन्टरनेट जडान गर्दा लागेको खर्च रकम रु ३०,२००।(अक्षेरपि तिस हजार दुई सय) भ्याट सहित छुटपुट खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

**Lisa/Fra कार्यदल गठन सम्बन्धमाः** स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन र वित्तिम जोखिम मूल्याकंन कार्यको लागि तपसिल बमोजिम सदस्य सम्मिलित कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

- प्रमुख प्रशासकीय अधिकृत-संयोजक
- आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
- प्रशासन शाखा प्रमुख- सदस्य
- योजना शाखा प्रमुख- सदस्य
- सूचना प्रविधि अधिकृत- सदस्य

**निर्णय नं ८**

**हिउँदे गाउँसभा सम्बन्धमाः** मिति २०८१/०९/२८ गते बिहान ११ बजे रम्भा गाउँपालिकाको सभा हलमा हिउँदे गाउँसभा गर्ने निर्णय गरियो ।

CamScanner

मितिः २०८१/०९/०४ बैठक नं ७ बैठक संख्याः ६५

**निर्णय नं ९**

**गाडि भाडा भुक्तानी सम्बन्धमाः** विभिन्न योजना अनुगमन, कार्यालयमा सामान ढुवानी गर्नका लागि खुला सूचना आह्वान गरी न्यूनतम दर पेश गर्ने लु २ च ७००५ का सवारी धनि श्री हरि बहादुर बैदवारसँग सम्झौता गरी सवारी प्रयोग हुदै आएकोमा सवारी साधान भाडा शिर्षकमा विनियोजित बजेटबाट रकम अपुग हुन गएको हुदाँ सम्झौता बमोजिमको रकम छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।